आ.व. २०७४/०७५ को २४ औं बैठक

आज मिति २०७५ साल अषाढ २९ गते शुक्रवार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१- ~~श्री~~ लेखा अधिकृत खिमलाल वली

२- प्रा.सु. गिरिधारी प्रसाद पन्त

३- लेखापाल धर्मराज वली

४- सञ्चार संयोजक तिर्थराज ज्ञवाली

## बैठकका प्रस्तावहरु

१. सम्पुरक कोषबाट सञ्चालन गर्ने योजना सम्वन्धमा

२. प्रदेशमा पठाउने योजना सम्वन्धमा ।

३. संघमा पठाउने योजना सम्वन्धमा ।

४. खेलकुद मैदान र सभाहल निर्माण सम्वन्धमा ।

५. क्रमागत योजना सम्वन्धमा ।

६ आगामी आ.व. मा संचालन हुने योजनाको लागत सहभागिता सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.व.०७५/०७६ मा सम्पुरक कोषमा विनियोजित बजेटबाट देहायका योजनाहरु सञ्चालन गर्न देहाय वमोजिम बजेट विनियोजनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**सम्पुरक कोषबाट आ.व.०७५/०७६ मा सञ्चालन गर्ने योजनाहरु :**

क) राप्ती गाउँपालिका स्तरीय वृहत खानेपानी योजनाको लागि रु. ५०,००,०००।-

ख) राप्ती नदी करिडोरमा पर्यटक स्थल निर्माणको लागि रु.५०,००,०००।-

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकामा आ.व.०७५/०७६ मा देहायको प्राथमिकता क्रम अनुसारका योजनाहरुको लागि  आवश्यक बजेट विनियोजन गरि सञ्चालन गर्न प्रदेश सरकार सँग अनुरोधका लागि सिफारिस गर्ने गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रदेश सरकारलाई सिफारिस गरी पठाउने योजनाहरु :**

क) राप्ती चक्रपथ कालोपत्रे ।

ख) भानपुर–बसन्तपुरमा Domestic Airport निर्माण ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकामा आ.व.०७५/०७६ मा देहायको प्राथमिकता क्रम अनुसारका योजनाहरुको लागि  आवश्यक बजेट विनियोजन गरि सञ्चालन गर्न संघ सरकार सँग अनुरोधका लागि सिफारिस गर्ने गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**संघ सरकारलाई सिफारिस गरी पठाउने योजनाहरु :**

क) कस्तीमा १०० सैयाको हस्पिटल स्थापना ।

ख) भालुवाङ–लमही सडक विस्तार योजना ।

ग) भालुवाङ–लहापे (राप्ती नदिमाथि) पक्की पुल निर्माण ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रकमबाट आ.व.०७५/०७६ मा राप्ती गाउँपालिकाको देहायको स्थानमा देहायका योजनाहरु सञ्चालन गर्नका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**<u>प्रदेश सरकारको सर्शत अनुदाबाट सञ्चालन हुने योजनाहरु :</u>**

क) खेलकुद मैदान निर्माण (वडा नं.७ को भानपुर १४ विगाहमा) ।

ख) सभाहल निर्माण (गाउँपालिकाको मसुरीया स्थित कार्यालय परिसरमा) ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा चालु आ.व.०७४/०७५ मा स्वीकृत भएका देहायका तत तत योजनाहरुलाई आगामी आ.व. सञ्चालन गर्नको लागि क्रमागत योजनाकोरुपमा पास गर्न गाउँसमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

क) IEE गर्नुपर्ने योजना ।

ख) राजश्व सम्भाव्यता अध्ययन सम्वन्धी योजना ।

ग) नामसालिङ सामुदायिक विकास केन्द्रसँगको साझेदारीमा वस्तुगत विवरण तथा IRDP तयारी सम्वन्धी योजना ।

घ) विद्युत पोल खरिद सम्वन्धी योजना ।

ङ) देवी महिला भवन निर्माण सम्वन्धी योजना ।

च) शंकर मा.वि.पिपरीको विद्यालय भवन निर्माण सम्वन्धी योजना ।

छ) ४ वटा बाटोको DPR सम्वन्धी योजना ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा उपभोक्ता समिति मार्फत योजना संचालन गर्दा यस आ व मा २० प्रतिशत स्थानीय लागत सहभागिताको ब्यवस्था भएकोमा तोकिए बमोजिम सहभागिता जुटाउन अत्यन्त कठिन भएको र जुटाएको लागत सहभागिता अंश वापत स्थानीयले श्रम गरेर कट्टा गरी पुरा गर्ने गरेको देखिँदा भरपर्दो र विश्वसनीय लागत सहभागिता हुन नसकेकोले आगामी आ.व. मा संचालन हुने योजनाहरुमा लागत सहभागिताकै अंशको रुपमा ५ प्रतिशत नगद सहभागिता अनिवार्य गर्ने र सो नगद गाउँपालिकाको मर्मत संभार कोषमा जम्मा गरी मर्मत संभार कोष सञ्चालन निर्देशिका २०७४ बमोजिम खर्च गर्ने निर्णय गरियो । साथै ५ प्रतिशत नगद सहभागिता जनाउन नसक्ने उपभोक्ता समितिहरुको हकमा अन्तिम भुक्तानी गर्दा ७.५ प्रतिशत कट्टा गरी मर्मत कोषमा दाखीला गर्ने निर्णय गरियो ।